# बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

## (नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति : २०६९/१/४)

### १. पृष्ठभूमि

बालबालिका राष्ट्रको कर्णधार हुन । आजका बालबालिकानै मुलुकको भविष्यका नीति निर्माता हुन्छन् । उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यतिनै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ । वास्तवमा बालबालिका भनेका अर्काको सहारामा बाँच्नु पर्ने अपरिपक्व व्यक्ति हुन् । उनीहरु आफ्नो हित अहितका वारेमा सोच्न सक्दैनन् । यसैको नाजायज फाइदा लिई बालबालिका प्रति धेरै प्रकारका दुर्व्यवहारहरु हुन सक्दछन् । उनीरुलाई अर्काको पालनपोषण र स्याहारसम्भारको आवश्यकता पर्दछ । बालबालिकाको पालनपोषण, स्याहार, विकास र संरक्षणको प्राथमिक दायित्व वावुआमा र संरक्षको हो । साथै, बालबालिकालाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार, पालनपोषण, शिक्षादिक्षा दिई तथा हकअधिकारको संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बन्धित सवैको दायित्व हो ।

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई सेप्टेम्वर १४, १९९० मा अनुमोदन गरेर नेपालले बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बाल सहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरेकोछ । यसै गरी नेपालले बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा बालअश्लिल चित्रण बिरुद्धका सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००६ मा अनुमोदन गरेर बालबालिकालाई सो कार्यमा नलगाउने र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००७ मा अनुमोदन गरेर सशस्त्र द्वन्द्वमा बालबालिकालाई संलग्न नगराउने दायित्व लिएकोछ । यस अतिरिक्त नेपालले निष्कृष्ट प्रकारका बालश्रम उन्मूलन सम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिलाई समेत अनुमोदन गरिसकेकोछ । नेपालको अन्तरिम संविधान, २०६३ मा बालकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएकोछ । त्यस्तै नि:शुल्क शिक्षा पाउने र प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने व्यवस्था गरिएको छ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त हुनुने र प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धका हक हुने व्यवस्था पनि संविधानमा गरिएकोछ । संविधान अनुसार कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइदैन ।

नेपालमा बालबालिकाको हकहितको संरक्षणको निमित्त बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ बनी कार्यान्वयनमा आएका छन् त्यस्तै बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ बनेका छन् । २०६३ सालमा बालन्यायको क्षेत्रमा छुट्टै बालन्याय (कार्यविधि) नियमावली, २०६३ कार्यान्वयनमा आएकोछ । एकातिर ती ऐन नियमावलीहरुमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धता अनुकुलका सम्पूर्ण प्रावधानहरु रहन सकेकेका छैनन् भने अर्कोतिर बालबालिकासम्बन्धी प्रष्ट नीति विना बनेका ती ऐन र नियमावलीको कार्यान्वयन पनि सन्तोषजनक हुन सकेको छैन ।

यसरी बालबालिकाको हकअधिकारको सम्बन्धमा नेपालले अर्न्राष्ट्रिय क्षेत्रमा प्रतिवद्धता व्यक्त गरेको, नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको हक सम्बन्धमा संवैधानिक व्यवस्था भएको र बालबालिकाको सम्बन्धमा कानूनहरु बनी कार्यान्वयनमा रहेको भए तापनि हालसम्म नेपालमा छुट्टै बालबालिकासम्बन्धी नीति भने बनेको पाइदैन । यस पृष्ठभूमिमा नेपालले अन्तरर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धता पूरा गर्न र बालबालिकाको क्षेत्रमा देखिएका समस्या समाधान गर्न नेपालमा सर्वप्रथम यो बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ जारी गरिएकोछ । यस नीतिले बालबालिकाको सर्वोत्तम हितको लागि बालबालिकासम्बन्धी ऐन, नियममा सुधार गर्ने, विभिन्न निकायको बालबालिकासम्बन्धी कार्यक्रममा एकरुपता आउने, ऐन नियमको प्रभावकारी कार्यान्वयन हुने र बालबालिकाको हकहितसंग सम्बन्धित संस्थाको सुदृढीकरण हुने अपेक्षा गरिएकोछ ।

## २. विगतको प्रयास

बालबालिकाको हकहितको संरक्षण, बालबालिकाको विकास र संरक्षणका लागि माथि उल्लेख भए बमोजिम विभिन्न ऐन नियमहरु बनाई कार्यान्वयन गरिरएका छन् । आवधिक योजनामा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रमलाई स्थान दिई बालअधिकारको विषयलाई कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणामा रुपान्तरण गरिरएकोछ । नेपाल सरकारले बालअधिकारका मुख्य विषयहरु बालबचाउ, संरक्षण र विकाससम्बन्धी विषयमा केन्द्रीत भई बालबालिका र विकासको लागि १० वर्षे राष्ट्रिय कार्य योजना तयार गरी लागु गरेकोछ । बालगृहमा रहने बालबालिकाको हकहितको संरक्षण गर्न बालगृह सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड बनाई लागु गरिएकोछ । महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालयमा रुपान्तर गरी बालबालिकासम्बन्धी विषयहरु पनि हर्ने गरी जिम्मेवारी प्रदान गरिएकोछ । बालअधिकार र बालसंरक्षणको सवालमा केन्द्रमा केन्द्रीय बालकल्याण समितिले र पचहत्तरै जिल्लामा जिल्ला बालकल्याण समितिले केन्द्रविन्दुका रुपमा कार्य गरिरहेकेकाछन् । बालन्याय समन्वय समितिले बालन्यायको क्षेत्रमा कार्य गरिरहेकोछ । प्रत्येक जिल्लामा जिल्ला बालसंरक्षण समिति र गाँउ स्तररीय बालसंरक्षण समिति जस्ता संस्थागत व्यवस्था गरिएकाछन् । बालअधिकार र विकासको विषय केवल महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसंग मात्र सम्बन्धित नभई स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, श्रम मन्त्रालय, स्थानीय विकास मन्त्रालय जस्ता निकायसंग पनि सम्बन्धित विषय हो । ती मन्त्रालयहरुबाट पनि यस विषयमा थुप्रै प्रयासहरु भएका छन् । बालश्रम निर्मूल सम्बन्धी राष्ट्रिय गुरु योजना र सबैको लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६०-२०७५ यसका उदाहरण हुन । सरकारले बालबालिकालाई औपचारिक र अनौपचारिक शिक्षा निःशुल्क तथा कम शुल्कमा प्रदान गर्दै आएकोछ । गरीब, अपाङ्ग, दलित, सहीदका छोराछोरी र छात्राको शिक्षामा पहुँच बढाउन छात्रवृत्ति लगायत छात्रवास, दिवा खाना, खाने तेल, विद्यालय पोशाक, निःशुल्क पठ्यपुस्तक र शैक्षिक सामग्रीहरु प्रदान गरिएकोछ । गाउँस्तरसम्म स्वास्थ्य संस्थाहरुबाट निःशुल्क र कम शुल्कमा पोषण, भिटामिन ए, आधारभूत र अत्यावश्यक स्वास्थ्य सेवा प्रादान गर्दै आइएकोछ । खोप कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरिदै आइएकोछ । जन्म दर्ता र बालअधिकारका वारेमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएकाछन् ।

## ३. वर्तमान स्थिति

बालबालिकाको हकहितको संरक्षण र विकासको लागि विगतमा सञ्चालन गरिरएका विभिन्न प्रयासहरुका वावजुद बालबालिकाको स्थितिमा आशातीत सुधार हुन नसकेको यथार्थ हामी सामु विद्यमानछ । बालबालिकाको जन्म दर्ता न्यून रहेकेकोछ भने शिशु मृत्युदर आशतीत रुपमा घटाउन सकिएको छैन । एक दशक लामो सशस्त्र द्वन्द्वको प्रभाव स्वरुप अपाङ्ग हुने, घाइते हुने र मानसिक पीडा वा मनोवैज्ञानिक असर परेका बालबालिका प्रसस्तैछन् । द्वन्दको कारणबाट पाँच हजार जति बालबालिका अनाथ हुन पुगेकाछन् । ६ देखि ११ वर्षका बालबालिकाहरुको प्राथमिक विद्यालयमा भर्नाको दरमा बढिरहेको भएतापनि यिनमा छात्राको भर्नादर तुलनात्मक रुपमा निकै कम छ । कतिपय गरीब र सीमान्तकृत समुहका बालबालिकाहरु शिक्षा पाउने अधिकारबाट वञ्चितछन् । बालबालिकाको विकास र कल्याणको लागि परिवारनै एक मात्र उपयुक्त प्राकृतिक वातावरण हो । तर ठूलो संख्याका बालबालिकाहरु विभिन्न कारणवश परिवारमा बसी हुर्कने अवसरबाट वञ्चित भइरहेकाछन् । गरीब र परिवारिक विखण्डनको कारण कतिपय बालबालिकाहरु सडकमा छन् र श्रमशोषणको शिकार भएकाछन् । लाखौ बालबालिकाले सरुवा रोग र निको नहुने रोगबाट ग्रसित भई ज्यान गुमाउनु परेकोछ । समाजमा विद्यमान कुरीति र कुसंस्कारको कारण कतिपय बालबालिको सनै उमेरमा बालविवाह भएकोछ । बालसहभागिताको नाउँमा बालबालिकालाई अनावश्यक रुपमा सभा, सम्मेलन तथा सेमिनारमा प्रयोग गर्ने प्रचलन बढिरहेकोछ । यस बीचमा नेपालमा एक दशकसम्मको सशस्त्र द्वन्द्व अन्त्य भई शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रिया तार्किक निष्कर्षमा पुग्न लागेकोछ । अब राज्यको ध्यान समाजमा सदियौ देंखि पछाडि परेका वर्ग लगायत बालबालिकाको उत्थान र विकासमा केन्द्रीत हुनुपर्ने आवश्यकता छ । यस सन्दर्भमा बालबालिकाको विकास र संरक्षणको लागि छुट्टै नीति बनाई देशको लागि सक्षम, प्रतिस्पर्धी र अनुशासित नागरिक तयार गर्नु पर्ने समय आएकोछ ।

## ४. मुख्य समस्या र चुनौति

बालबालिकासम्बन्धी विषयले राष्ट्रिय प्राथमिकता नपाउनु, बालबालिकासम्बन्धी क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता कमजोर हुनु, बालबालिकासम्बन्धी कार्यमा समन्वयको अभाव हुनु र उपलब्ध स्रोत र साधनको पर्याप्त र उचित व्यवस्थापन गर्न नसक्नु बालबालिकाको विकास र संरक्षणका क्षेत्रमा देखिएका मुख्य समस्याहरु हुन । देशमा विद्यमान गरीबीले पनि बालबालिकाको हक अधिकारको सरंक्षण र उपयोगमा समस्या थपेकोछ । देशको भौगोलिक अवस्थाले बालबालिकासम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यमा समस्या उत्पन्न गरेकोछ । सीमित स्रोत र साधनको अत्याधिक उपयोग गरी बालबालिकाको हकअधिकारको संरक्षण गर्नु, बालबालिकाको विकास गर्नु र बालसहभागिता अभिवृद्धि गर्नु आजको चुनौति हो । विद्यमान बालबालिकासंग सम्बन्धित ऐन नियमहरुको प्रभावकारी कार्यान्वियन गर्नु र बालबालिकालाई विभेद गर्ने र बालबालिकाको विकासमा अवरोध श्रृजना गर्ने मौजुदा ऐन, नियम, कुरीति र परम्परालाई समयानुकूल संशोधन, खारेज र सुधार गर्नु आजको अपरिहार्य आवश्यकता भएकोछ । केन्द्रदेखि समुदायसम्म बालअधिकार र बालविकास प्रति संवेदनशिल बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध गराउनु पनि उत्तिकै आवश्यकता छ । बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता वृद्धि गर्नु पनि एक चुनौतिको रुपमा रहेकोछ ।

## ५. नीतिको आवश्यकता

मुलुकमा ठूलो राजनीतिक परिवर्तन आएकोछ । राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भएकोछ । संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न भई पहिलो पटक नेपाली जनता आफैले आफ्नो लागि संविधान लेख्ने कार्य भइरहेकोछ । विभिन्न राजनीतिक पार्टी बीच भएको सहमति अनुरुप शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्न लागेकोछ । मुलुकमा विकसित भएका यी राजनीतिक परिवर्तनसंगै बालबालिका प्रतिको दृष्टिकोणमा पनि आमूल परिवर्तन आएकोछ । हिजो बालबालिकाको कल्याणमा जोड दिइदै आएकोमा आज बालबालिकाको अधिकारमा जोड दिन थालिएकोछ । शैक्षिक क्षेत्रमा बालबालिका प्रतिको नियन्त्रण र शारीरिक सजाय दिने जस्ता सोचाई र भावनामा ठूलो परिवर्तन आएकोछ । ती तमाम सोच, विकास र परिवर्तनसंगै अन्तर्राष्ट्रिय जगतमा विकास भएका बालबालिकासम्बन्धी नवीनतम आयामलाई समेटी नेपालले बालबालिकासम्बन्धी विभिन्न सन्धिलाई अनुमोदन गरी व्यक्त गरेको प्रतिबद्धता अनुरुप एउटा यथार्थपरक र व्यवहारिक बालबालिकासम्बन्धी राष्ट्रिय नीति तयार गरी लागू गर्नु आज अपरिहार्य आवश्यकता भएकोछ ।

## ६. नीतिको दीर्घकालीन लक्ष्य

सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सवै वर्ग र समुदायका बालबालिकाहरुले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने ।

## ७. नीतिका प्रमुख उद्देश्य

७.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने,

७.२ बालबालिका जन्मनु अघि र जन्मे पछि आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,

७.३ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसँग सम्वद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,

७.४ बालबालिका प्रतिको विभेद अन्त्य गर्ने,

७.५ बालन्याय प्रणालीलाई सुदृढ गर्ने ।

## ८. नीति

**उद्देश्य ७.१ संग सम्बन्धित नीति** *(७.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने)*

८.१ बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रुपमा जन्मदर्तालाई लिइनेछ । नेपालको सरहदभित्र जन्मेका वा वेवारिसे अवस्थामा फेला परेका कुनै पनि लिङ्गका बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्म दर्ता गर्ने व्यवस्था मिलाइनेछ । जन्म दर्ता प्रक्रियालाई सरल बनाइनेछ । जन्म दर्ता गर्ने कानूनी प्रावधान, प्रक्रिया तथा जन्म दर्ताको महत्वको वारे स्थानीय निकाय र अन्य सरोकारवाला व्यक्ति वा संस्थाको चेतना जागरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय भर्ना लगायतका अन्य कार्यमा अनिवार्य जन्मदर्ता प्रमाणपत्र आवश्यक पर्ने व्यवस्था गरी जन्मदर्ता प्रमाणपत्रको प्रयोगको दायरा बढाइनेछ ।

८.२ कुनै पनि सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई कानूनद्धारा निषेधित र दण्डनीय बनाइनेछ । विशेष गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द लगायतका राजनैतिक क्रियाकलाप निषेध गरिनेछ । द्वन्द्वप्रभावित बालबालिकाको उद्दार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापना लगायतका आवश्यक व्यवस्था गरिनेछ र तिनीहरुलाई लक्षित गरी राहत कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यको लागि केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिलाई क्रियाशील गरिनेछ । बालबालिकामा सशस्त्र द्वन्द्वका प्रभावलाई न्यून गर्न सदुदाय देखी राष्ट्रियस्तरसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.३ बालबालिकाको यौनशोषण र यौनदुर्व्यवहारलाई गम्भीर अपराधको रुपमा लिइनेछ । इन्टरनेट, इमेल, मोबाइल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

८.४ आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहे बसेका बालबालिकालाई कुनै किसिमको अपहेलना गर्न नपाउने कानूनी व्यवस्था गरिनेछ ।

८.५ जोखिममा परेका र सीमान्तकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । जोखममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुनर्स्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गरिनेछ ।

८.६ बालबालिका उपर हुने सबै प्रकारका शारिरिक र मानसिक दुर्व्यहारलाई अपराध मानिनेछ । परिवार, शिक्षण संस्था र बालगृहले बालबालिकालाई शारिरीक र मानसिक दुर्व्यवहार गर्न नपाइने व्यवस्था गरिनेछ ।

८.७ कुनै पनि प्रयोजनका लागि बालबालिकाको वेचविखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ ।

८.८ बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, तिनीहरुको परिवार तथा समुदायमा पुनर्स्थापनाको व्यवस्था गरिनेछ ।

८.९ बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गरिनेछ । बालविवाह विरुद्धको उजूरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्था गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइनेछ ।

८.१० बालबालिकालाई श्रमिका रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ । यस कार्यका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति तथा स्थानीय निकायहरुलाई परिचालन गरिनेछ । उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा संस्थागत पुनःर्स्थापनाको लागि आवश्यक कदम चालिनेछ ।

८.११ स्वास्थ्य सेवामा एचआइभि र एड्स संक्रमित बालबालिकाको पहुँचलाई सहज बनाइनेछ । एचआईभी र एड्सबाट रोकथाम, सुरक्षा उपायहरु, रक्त परीक्षण लगायत एचआईभी र एड्स शिक्षा सम्बन्धमा व्यापक चेतना अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ । एचआाईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ । एचआईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाका निमित्त स्वास्थ्य उपचार, पोषणलगायतका आधारभूत सेवन, पारिवारिक, सामुदायिक तथा संस्थागत पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ । एचआईभि र एड्स संक्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाइनेछ । आमाबाट शिशुमा एचआाइभी/एड्स संक्रमण नियन्त्रण सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ ।

८.१२ शरणार्थी तथा कुनै पनि कारणले आन्तरिक रुपमा विस्थापित भएका बालबालिकाका पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ । शरणार्थी  तथा आन्तरिक रुपमा विस्थापित बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पहुँचको सुनिश्चितताका व्यवस्था गरिनेछ ।

८.१३ अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ । अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका बालबालिकाको निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ र शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवामा सहज पहुंचको व्यवस्था सुनिश्चित गरिनेछ । अपाङ्गताको प्रकृति अनुसार आवश्यक सहयोगी सामान, उपकरण तथा पुस्तक निःशुल्क रुपमा वा कर छूटमा आयात गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक स्थल तथा भवनहरुमा, सूचना संचारमा, अतिरिक्त कार्यकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भैतिक सुविधा र संयन्त्रको विकास गरिनेछ । गम्भीर अवस्थाका अपाङ्गता भएका बालबालिकाको लागि आवासको व्यवस्था गरिनेछ । अपाङ्गतालाई सशक्तिकण गरी पुनस्थापना गर्न पुनस्थापना केन्द्रको व्यवस्था गरिनेछ । हाल सञ्चालनमा रहेका विशेष शिक्षा कार्यक्रमलाई सुधार गर्दै समावेशी शिक्षा सञ्चालन गरिनेछ । तर भौगोलिक विषमता र खास आवश्यकतालाई विचार गरी आवश्यक भएमा बिशेष शिक्षा पनि सञ्चालन गर्न सकिने व्यवस्था गरिनेछ । मानसिक सन्तुलन गुमाईसकेका र परिवारले पालनपोषण तथाहेरचाह गर्न नसकेकेका बालबालिकालाई विशेष सहयोग र हेरचाहको व्यवस्था गरिनेछ ।

८.१४ बाबु वा आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमामध्ये एक भएपनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ । बालबालिकाको आफ्नै आमा, बाबु वा नातेदारवाट हेरचाह गर्ने कार्य प्रबर्द्धन गर्न पारिवारिक सहयोग वृत्ति ( स्पोन्सरसिप), फोष्टर केयर, व्यवसायिक तालीम, जिविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।

८.१५ बालगृह मार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रबर्द्धन गरिनेछ र मौजुदा बालगृह सञ्चालनको न्यूनतम मापदण्डलाई समयानुकुल सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८.१६ स्थानीय निकाय र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरु मार्फत परित्यक्त र वेवारिसे बालबालिकाको बाबुआमा वा परिवारको खोजी गरिनेछ । बाबुआमा वा परिवार भेटिएमा परिवारमा नै राखी हेरचाह गर्ने उपाय अवलम्वन गरिनेछ ।

८.१७ सडक बालबालिकाको अभिलेख दुरुस्त गरिने व्यवस्था मिलाइनेछ । सडकमा आएका बालबालिकालाई उद्दार गरी ट्रान्जिट सेन्टरमा राख्ने एवं परिवारमा पुर्नएकीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि पारिवारिक सहयोग मनोसामाजिक पररामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । सडक बालबालिकाको उद्दार, पुनःस्थापना (स्वास्थ्य सेवा, मनोविमर्श, कुलत छुटकारा), सामाजिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यका लागि जिल्लाा बालकल्याण समिति, नगरपालिका लगायतका निकायहरुलाई जिम्मेवार बनाइनेछ र आवश्यकताअनुसार यसका लागि सन्जालको निर्माण  गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१८ छाउपडी, देउकी, झूमा, कमलरी, वादी जस्ता परम्परा, सँस्कृति, जात, धर्मका आधारमा बालबालिकालाई हानी पुऱ्याउने सबै किसिमका प्रचलनहरुलाई कानून बनाई निषेध र दण्डनीय गर्ने व्यवस्था गरिनेछ । परम्परागत हानीकारक अभ्यासहरु विरुद्ध प्रचार प्रसार गरिनेछ । परम्परागत हानीकारक अभ्यासमा संलग्न गराइएका बालबालिकालाई उद्दार गरी, पारिवारिक पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।

८.१९ पारिवारिक वातावरणबाट स्थायी वा अस्थायी रुपमा वञ्चित भएका बालबालिका वा त्यहाँ तिनीहरुको सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रुपमा मात्र बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा दिइने व्यवस्था गरिनेछ । बबु वा आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र आफ्नै परिवार र नातेदारमा पालनपोषण हुन नसक्ने बालबालिकालाई देशभित्रनै धर्मसन्तान भई पालनपोषण गर्नका निमित्त

प्रोत्साहन गरिनेछ । आफ्नो छोरा वा छोरी हुनेले पनि अर्को बालबालिकालाई पनि पालनपोषण गर्न सक्ने आर्थिक हैसियत भएमा अदालतको अनुमतिले धर्मपुत्र धर्मपुत्री राख्न सक्ने कानूनी व्यवस्था गरिनेछ । हाल धर्मपुत्र धर्मपुत्रीको लिखत सम्पत्ति हस्तान्तरण सरह मालपोत कार्यालयबाट रजिष्ट्रेशन हुेने गरेकोमा धर्मपुत्र धर्मपुत्री राख्ने विषय नाता सम्बन्ध कायम गर्ने विषयसंग सम्बन्धित भएकाले यसमा सुधार गरी अदालतले धर्मपुत्र वा धर्मपुत्री राख्ने आदेश दिई त्यस्तो लिखत प्रमाणीकरण गर्नु पर्नेव्यवस्था गरिनेछ । स्वदेशमा धर्मपुत्र दिने लिने सम्बन्धी कानूनको पुनरावलोकन गरिनेछ ।

८.२० कुनै बालबालिकालाई नेपालमा पालनपोषण गर्न वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा र नेपालमा निजलाई उचित हेरचाह गर्न नसकिने भएमा एउटा विकल्पको रुपमा बालबालिकालाई विदेशमा धर्मपुत्र र धर्मपुत्रीको रुपमा दिन सकिने व्यवस्था गरिनेछ । विदेशमा धर्मपुत्र र धर्मपुत्री दिंदा नेपाल सरहकै सुरक्षा र स्तर भएका देशमा मात्र दिने व्यवस्था गरिनेछ । अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री दिदा वा लिदा अनुचित आर्थिक फाइदा लिन नपाउने पर्याप्त व्यवस्था गरिनेछ । अन्तरदेशीय धर्मपुत्र र धर्मपुत्री दिंदा बालबालिकाको वृहत्तर हित, निजको मानवअधिकारको संरक्षण र त्यस्तो बालबालिका अपहरण, बेचबिखन वा बालबालिकाको अन्य कुनै किसिमले दुरुपयोग हुने वा नहुने तर्फ विचार गर्नु पर्ने व्यवस्था गरिनेछ । अन्तरदेशीय धर्मपुत्र धर्मपुत्रीसम्बन्धी कानूनलाई यस सम्बन्धमा विकास भएका अन्तर्राष्ट्रिय कानून र अभ्यास अनुकूल हुने गरी पुनरावलोकन गरिनेछ ।

८.२१ हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकालाई उद्दार गर्ने, अस्थायी केन्द्रमा राखी बाबुआमा वा परिवार खोज्ने, परिवारमा पुर्नएकीकरण र पुर्नस्थापना गर्नका लागि बालबालिका खोजतलास समन्वय केन्द्रलाई थप प्रभावकारी बनाइनेछ । अति गरिब परिवारमा जन्मेकेका तिम्ल्याहा-चम्ल्याहा जस्ता बालबालिकाका निमित्त १८ वर्षसम्मको लागि शिक्षा, जीवनोपयोगी तालीम, स्वास्थ्य जस्ता आधारभूत सेवा निःशुल्क व्यवस्था गरिनेछ । सार्वजनिक स्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

८.२२ लागूऔषध र अन्य दुर्व्यसनामा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि निजी क्षेत्रसँग समेत गरी समन्वय, उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८.२३ सेवा प्रदायक, बालबालिका र जिम्मेवार निकायहरुसमेत सबैमा बालअधिकार संरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ । बालअधिकारका विषयवस्तु, बालबालिकासम्बन्धी नीति र कार्यक्रमलाई राष्ट्रिय विकास लक्ष्य र प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ ।

८.२४ अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिक रुपमा विस्थापित र शरणार्थी बालबालिका, बेचविखन-ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा रहेका, अल्पसख्यक, दलित र गरीव बालबालिका समेतको अधिकार संरक्षण गर्नका लागि कानूनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने र सेवामा उनीहरुको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनछ । ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीपलगायत पुनःस्थापनाका लागि एकीतृत एवं लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२५ बालबालिकालाई घरमा, विद्यालयमा, कुनै सस्थामा काम गर्ने ठाउँमा वा समुदायमा सबै प्रकारका दूर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभाव तथा शारीरिक सजाय एवम् सबै प्रकारका यातनाहरुबाट सुरक्षित गर्न आवश्यक कानून बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८.२६ निकृष्टलगायत सबै प्रकारको बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ ।

८.२७ संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाहरुका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्प लाईन/हटलाइन जस्ता सेवाको प्रवर्द्धन गरिनेछ । निःशुल्क बाल हेल्पलाइन फोन नं. १०९८ लााई सबै जिल्लामा विस्तार गरिनुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरुको साझा निःशुल्क बाल हेल्पलाइनमा परिणत गर्ने समेत प्रयास गरिनेछ ।

८.२८ विशेष रुपमा स्वास्थ्य, शिक्षा र पुनर्स्थापनका क्षेत्रहरुमा शारीरिक दूर्वलता र विशेष कठिन परिस्थितिमा रहेका तथा आकस्मिकता (प्राकृतिक प्रकोप) मा परेका बालबालिकालाई समेत समावेश गरी क्रमशः सामाजिक सुरक्षा योजनालाई लागू गर्दै लगिनेछ ।

८.२९ बालबालिकाको निम्ति क्रियाशील सरकारी तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी सघसंस्थाहरुलाई अनिवार्य रुपमा बालसंरक्षण योजना बनाई सो अनुसार काम गर्न लगाइनेछ र सोको अनुगमन गरिनेछ ।

८.३० दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलन लगायत सबै प्रकारका हानीबाट बालबालिकालाई जोगाउन विद्यमान कानूनमा आवश्यक सुधार गरिनेछ ।

८.३१ बालसंरक्षणका सवालहरुलाई आवधिक योजनामा प्राथमिकताकासाथ समावेश गरिनेछ । सम्बद्ध मन्त्राालय र स्थानीय निकायको वार्षिक कार्यक्रम र बजेट विनियोजनमा बालसंरक्षण लक्षित कार्यलाई प्राथमिकता दिइनेछ । बालसंरक्षणको सवाललाई प्रभावकारी रुपमा सम्बोधन गर्न अर्धन्यायिक, न्यायिक लगायत सम्बन्धित सरकारी निकायलाई स्पष्ट जिम्मेवारीको व्यवस्था गरिनेछ ।

८.३२ वेवारिसे रुपमा फेला परेका बालबालिकाहरु, तीनका आमा–बुवा, वा अभिभावक वा संरक्षणकर्ताको जिम्मा नलागुन्जेल राज्यको संरक्षणमा रहने व्यवस्था गरिनेछ ।

**उद्देश्य ७.२ संग सम्बन्धित नीति** *(७.२ बालबालिका जन्मनु अघि र जन्मेपछि आवश्यक स्याहार र सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने)*

८..३३ आमाको गर्भदेखि बालबालिकाको उमेरसम्मको बालस्वास्थ्यको सबै अवस्थाहरुमा बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । बालस्वस्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ । बालबालिकाको पोषण स्थिति सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्वास्थ्य सेवामा अपाङ्गता भएका बालबालिका र विशेष हेरचाह आवश्यक पर्नेबालबालिकाहरुको पहुँच बढाइनेछ ।

८.३४ प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने र आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था गरिनेछ । प्राथमिक शिक्षा अनिवार्य गर्न शिक्षा ऐनमा आवश्यक संशोधन गरिनेछ । विद्यालयमा बाल-मैत्री शिक्षण-सिकाई वातावरणको विकास र विस्तार गरिनेछ ।

८.३५ बालबालिकालाई प्रारम्भिक शिक्षा दिने प्रारम्भिक बालविकास केन्द्रहरु स्थापना गर्ने कार्यमा जोड दिइनेछ र प्रत्येक सामुदायिक विद्यालयमा बालविकास कक्षाको व्यवस्था गरिनेछ । प्रारम्भिक बालविकासलाई जीवनचक्र प्रणालीमार्फत शिक्षासँग आवद्धगर्दै सुदृढ र विस्तार गरिनेछ ।

८.३६ विशेष गरेर जोखिम परिस्थिति र सुविधाविहीन समुदायका बालबालिकाहरुका लागि उचित बालस्याहार तथा शिक्षाको विस्तार र स्तररोन्नति गरिनेछ । अर्थपूर्ण जीवनोपयोगी सीप केन्द्रीत शिक्षाको विस्तार र प्रवर्द्धन गरिनेछ ।

८.३७ बालअधिकारमुखी दृष्टिकोणबाट विद्यमान विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालीम सामग्रीहरु, दण्ड/हिंसारहित शिक्षण पद्धतिहरु, शान्ति शिक्षा, अभिभावक समाज र विद्यालय व्यवस्थापन समितिमा पुनरावलोकन र परिमार्जन गरिनेछ ।

**उद्देश्य ७.३ सँग सम्बन्धित नीति** *(७.३ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसँग सम्वद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिन बालसहभागिता अभिवृद्धि गर्ने )*

८.३८ आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई सरकारी, गैरसरकारी एवम् समुदायमा आधारित निकाय वा संस्थाहरुबाट कार्यान्वयन गरिने बालबालिकासंग सम्बन्धित कार्यहरुको योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन र मूल्याङ्कन लगायत उनीहरुलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी हुने व्यवस्था गरिनेछ र त्यसरी निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वता अनुसार उचित स्थान दिइनेछ ।

८.३९ बालसहभागितालाई मूलप्रवाहीकरण गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

८.४० जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाका प्रतिनिधित्व सुनिश्चित गरिनेछ । बालबालिकासम्बन्धी नीति, ऐन तथा नियमहरुमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सू-सूचित भई विनाभेदभाव परिवारदेखि राष्ट्रियतहसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिनेछ ।

८.४१ बालबालिकासँग सम्बन्धित कुनै पनि न्यायिक वा प्रशासनिक काम कारबाहीमा निजलााई प्रत्यक्ष रुपमा, प्रतिनिधि मार्फत वा कुनै उपयुक्त निकायद्वारा सुनुवाईगर्ने मौका प्रदान गरिनेछ ।

८.४२ स्थानीय स्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बाल गृह, बालसुधार गृह समेतमा बालसहभागिता प्रवर्द्धन गर्न बालबालिकाको संगठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ ।

८.४३ बाल क्लव तथा बाल संस्था दर्ता गर्ने प्रक्रिया सरल गरिनेछ । विद्यालय, समुदाय, बालगृह लगायत बालबालिका सामूहिक र संस्थागत रुपमा रहने क्षेहरुमा बालक्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाँउं विकास समिति तथा नगरपालिकास्तरमा बालक्लब सञ्जालहरु विस्तार गरिनेछ । बालक्लव तथा बालसंस्था सन्चालनका लागि आवश्यक आचार संहिता वा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ ।

८.४४ बालबालिकाद्वारा अभिव्यक्त विचार, जानकारी तथा सूचनाको प्रवाहले उनीहरुलाई हुनसक्ने जोखिमबाट जोगाउन गोपनीयता सुनिश्चित गरिनेछ ।

८.४५ राज्यको तर्फबाट संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा आवधिक रुपमा पठाइने प्रतिवेदनमा बालबालिकाका विचारलाई स्पष्टरुपमा समावेश गर्ने नियमित विधि तथा प्रक्रिया निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

**उद्देश्य ७.४ सँग सम्बन्धित नीति** *(७.४ बालबालिका प्रतिको विभेद अन्त्य गर्ने)*

८.४६ परिवारमा छोरा र छोरी, अपाङ्गता भएका र नभएका, साना उमेरको र ठूला उमेरका, आफ्नो, सौतेलो वा धर्म सन्तान बीच हेरचाह र पालनपोषणमा भेदभाव गर्न नपाइने व्यवस्था गरिनेछ ।

८.४७ सेवा प्रदायकले जातजाति, लिङ्ग, धर्म, वर्ण, भाषा, भेषभूषा, सम्पन्न वा विपन्न, अपाङ्गता भएका नभएका, साना उमेरका र ठूलो उमेरका, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरिनेछ ।

८.४८ गर्भमानै बालबालिकाको लिङ्ग पहिचान गर्ने, लिंङ्गका आधारमा भेदभाव गर्ने र गर्भपतन गर्ने प्रचलनलाई अन्त्य गरिनेछ ।

**उद्देश्य ७.५ सँग सम्बन्धित नीति** *(७.५ बालन्याय प्रणालीलाई सुदृढ गर्ने)*

८.४९ मौजुदा नेपाल कानूनमा १६ वर्ष भन्दा मुनिकोलाई बालबालिका मान्ने व्यवस्था रहेकोमा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गरी १८ वर्ष उमेरसम्मको व्यक्तिलाई बालबालिका मानी तद्अनुसार अपराधिक दायित्वको पनि निर्धारण गरिनेछ ।

८.५० कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा मात्र बल प्रयोग नगरी नियन्त्रणमा लिन सक्ने व्यवस्था गरिनेछ । त्यसरी नियन्त्रणमा लिएमा सोको जानकारी निजका परिवारका सदस्य, संरक्षण र नजिकको नातेदारलाई दिनु पर्ने व्यवस्था गरिनेछ । त्यसरी नियन्त्रणमा लिइएको बालबालिकालाई बालमनोविज्ञको सेवा उपलब्ध गराई आवश्यक परामर्श सेवा उपलब्ध गराइनेछ ।

८.५१ कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि छुट्टै निगरानी कक्षको स्थापना गरिनेछ । कसूरजन्य कार्यको अनुसन्धान तथा अभियोजन गर्न आवश्यकतानुसार छुट्टै एकाई गठन गरिनेछ । सो कार्यमा संलग्न हुने प्रहरी कर्मचारी र सरकारी वकीललाई तालीमको व्यवस्था गरिनेछ ।

८.५२ बालन्याय प्रणालीमा सुधार गरी कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्न सक्ने व्यवस्था गरिनेछ । बालबालिकाले कसूरजन्य कार्य गरेको स्वीकार गरेमा र पीडित पक्षको पुनस्थापना हुने भएमा सामान्य प्रकृतिको कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई कसुरको गम्भिरता विचार गरी औपचारीक न्यायिक

प्रक्रियामा नल्याई पीडितसँग मेलमिलाप गराउने, बालबालिकालाई परामर्श (काउन्सिलिङ्ग) गर्ने, समुदायमा पठाउने, संरक्षण अधिकारीको सुपरीवेक्षणमा छाडने, बाबुआमाको जिम्मा लगाउने जस्ता दिशान्तरका प्रक्रियालाई प्राथमिकता दिइनेछ । बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई क्षतिपूर्ति वा हानी नोक्सानी भराउने व्यवस्था गरिनेछ ।

८.५३ गम्भीर प्रकृतिको आरोप लागेका बालबालिकालाई मात्र औपचारिक न्यायिक प्रक्रियामा ल्याइनेछ । औपचारिक कानूनी प्रक्रियाका हरेक तहलाई बालमैत्री बनाइनेछ । बाबुआमा, परिवारका अन्य सदस्यको रोहवरमा मात्र कानूनी प्रक्रिया अगाडि बढाइनेछ ।

८.५४ अपराधीलाई केवल सजाय गर्ने कार्यमा जोड दिनुको सट्टा पीडित र पीडकलाई केन्द्रमा राखी पीडकले अपराधको दायित्व स्वीकार गरेको खण्डमा पीडितलाई क्षतिपूर्ति दिने गरी पुनःस्थापकीय न्यायको अवधारणा अनुरुप बालन्याय सम्पादन गर्ने आवश्यक व्यवस्था गरिनेछ ।

८.५५ साक्षी बालबालिकाको सुरक्षित आवतजावतको उचित प्रबन्ध गरिनेछ । साक्षीको सुरक्षा सम्बन्धी छुट्टै कानून बनाइनेछ । बालबालिकाको मुद्दाको सुनवाई सामान्यतः बन्दइजलासमा गरिनेछ ।

८.५६ औपचारिक कानूनी प्रक्रियामा बालबालिकाको विचारलाई महत्व दिइनेछ ।

८.५७ कानूनको विवादमा परेका बालबालिकाले उमेरजन्य स्वभावका कारण प्रकृति र परिणाम नै नबुझिकन विज्याँईजन्य कार्य गर्ने र अर्काको अह्राई सिकाइमा लागेर वा लहलहैमा लागेर त्यस्तो कार्य गर्ने भएकोले सो कार्य वापत बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण सार्वजनिक गरिएमा बालबालिका जीन्दगीभर दागी हुनु पर्ने, सामाजिक रुपमा लाञ्छित हुनु पर्ने र अन्जानमा हुन गएको सानो गल्तीले गर्दा निजको बाँकी जीवनभर कष्ट वा संकट उत्पन्न हुनुसक्ने स्थिति पैदा हुनसक्ने कुरालाई विचार गरी न्यायिक प्रक्रियामा संलग्न हुन आउने बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने व्यवस्था गरिनेछ । बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने सम्बन्धमा छुट्टै कानून बनाइनेछ ।

## ९. रणनीति

**उद्देश्य ७.१ सँग सम्बन्धित रणनीति** *(७.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने)*

९.१ बालबालिकाको संरक्षणको सबै भन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण श्रृजना गर्नु भएकोले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ । त्यस्ता बालबालिकालाई जीवनोपयोगी शिक्षा दिइनेछ र अभिभावकलाई काउन्सिलिङ्ग गरिनेछ ।

९.२ बालश्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागि कुनै उद्योग वा कलकारखानामा बालबालिकालाई बालश्रमिकको रुपमा काममा लगाए नलगाएको वारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । कुनै रोजगारदाताले बालश्रमिकलाई काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारवाही गरिनेछ । त्यसरी उद्धार गरिएको बालबालिकाको पुर्नस्थापनाको लागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ ।

९.३३ बालसंरक्षणका सवै सवालहरुमा चेतना अभिवृद्धि गरिनेछ । सरकारी निकाय, सामाजिक संघसस्था, विद्यालय, बालसमूह तथा सञ्चार माध्यमबाट बालयौन शोषण र शारीरिक र मानसिक दुर्व्यवहार विरुद्ध व्यापक चेतना जागरण कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीयस्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन गरिनेछ । गाउँस्तरसम्म बालसंरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिनेछ ।

९..४ बालसंरक्षणको लागि स्रोत जुटाउन कर्पोरेट सेक्टरको सामाजिक उत्तरदायित्वको विषयमा चेतना अभिवृद्धि गरिनेछ । यस कार्यमा रकम खर्च गर्ने र बालश्रम निवारण गर्ने उद्योगलाई  नेपाल सरकाले पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

९.५ विद्यालय स्तरमा बालअधिकार लगायत यौन शिक्षा तथा यौन शोषण र यौन दुर्व्यवहार वारेमा पाठ्पुस्तकमा नै समावेश गरी शिक्षा दिइनेछ । विद्यालयमा बालबालिकालाई शारीरिक र मानसिक यातना दिने शिक्षकलाई विभागीय कारवाही हुने व्यवस्था गरिनेछ ।

९.६ विद्यालय र बालबालिका सक्रिय रहने अन्य क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गरिनेछ ।

९.७ नेपाल सरकार, स्थानीय निकाय र विकासका साझेदारबाट हुने कार्यक्रममा बालसंरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ । बाबु वा आमा वा दुवै जेलमा परी हेरचाह गर्ने अरु कोही नभई सँगै आश्रितका रुपमा बसेका बालबालिकालाई  संस्थागत हेरचाहको व्यवस्था गरिनेछ ।

९.८ अति कठिन अवस्थामा रहेका बालबालिकालाई सहयोग र संरक्षण गर्नका लागि केन्द्रदेखि स्थानीयस्तरसम्म आकस्मिक  कोषको व्यवस्था गरिनेछ ।

९.९ विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक संस्था लगायत बालबालिकासँग प्रत्यक्ष सम्बन्ध हुने सवै संस्थाले आफनो परिसर एवं कार्यस्थलमा बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउन बालसंरक्षणसम्बन्धी आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ । त्यस्ता आचार संहिताको प्रसारप्रचार गरिनेछ । नेपाल सरकार, स्थानीय निकाय र विकासका साझेदारबाट हुने कार्यक्रममा बालसंरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ ।

९.१० बालबालिकाको बेचबिखन र ओसारपसार विरुद्ध संयुक्त कार्य गर्नको लागि अन्तर्राष्ट्रिय स्तर र सार्क स्तरमा सञ्जालको व्यवस्था गर्न पहल गरिनेछ ।

९.११ बालसंरक्षण तथा बालबालिकासम्बन्धी नीति र कार्यक्रमलाई सम्बन्धित मन्त्रालय तथा निकायहरुको नियमित विकास प्रयासमा आन्तरिकीकरण गरिनेछ ।

९.१२ बालसंरक्षण नीतिको प्रभावकारी कार्यन्वयन गर्न बालबालिकासंग कार्य गर्ने सरकारी, विकासका साझेदार, नागरिक समाज एवं  बालसमूह तथा उक्त संस्थाहरुको सन्जाल र कार्यदल केन्द्रदेखि स्थानीय स्तरसम्म विकास गरी परिचालन गरिनेछ ।

९.१३ नेपालले अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको मर्म अनुसार अपाङ्गता सम्बन्धी कानूनलाई पुनरावलोकन गरी अपाङ्गता भएका बालबालिकाको अधिकारलाई स्थापित गरिनेछ ।

९.१४ सन् १९९३ मा सम्पन्न भएको Hague Convention on Protection of Children and Co-operation in Respect of Intercountry Adoption मा नेपालले हस्ताक्षर गरिसकेकाले सो अनुरुप आवश्यक कानूनी र संस्थागत व्यवस्था गरी उक्त सन्धिलाई अनुमोदन गर्ने सम्बन्धमा गृहकार्य गरिनेछ ।

९.१५ बालबालिकाको सरक्षणको सबै भन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातवरण श्रृजना गर्नु भएकोले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग  प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ । त्यस्ता बालबालिकालाई जीवनोपयोगी शिक्षा दिइनेछ र अभिभावकलाई काउन्सिलिङ्ग गरिनेछ । सुमुदाय, परिवार, शैक्षिक संस्था तथा बालबालिका रहने स्थानहरुमा बालबालिका बिरुद्ध हुन सक्ने घरेलु हिंसा, विभेद, शोषण र हेलचक्र्याँईका साथै बालअधिकारको हनन हुन नदिन प्यारालिगल समिति जस्ता संयन्त्रहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

९.१६ बालश्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागि कुनै उद्योग वा कलकारखानामा बालबालिकालाई बालश्रमिकको रुपमा काममा लगाए नलगाएको वारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । समाजमा रहेका प्रतिष्ठित

व्यक्तिहरु लगायत सवैबाट बालबालिकालाई घरेलु मजदुरमा प्रयोग हुने व्यस्थालाई निरुत्साहित गरिनेछ । कुनै रोजगारदाताले बालश्रमिकलाई काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारवाही गरिनेछ । त्यसरी उद्धार गरिएको बालबालिकाको पुर्नस्थापनाको लागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ ।

९.१७ बालगृह र बालसुधार गृहमा बालदुर्व्यवहार र शोषण हुन नदिन सोको व्यवस्थापक र कर्मचारीलाई तालीम दिइनेछ । बालगृह र बालसुधार गृहमा बालपरिषद् वा बालसमाज खेलकूद टोली वा अन्य समूहको स्थापना गर्न प्रोत्साहन गरिनेछ । यिनीहरुको नियमित अनुगमन गरिनेछ ।

९.१८ भूकम्प बाढी जस्ता प्राकृतिक प्रकोप र त्यसको असरबाट बचाउन बालबालिकालाई आवश्यक बासस्थानको व्यवस्था गरिनेछ ।

९.१९ केन्द्रीय बालकल्याण समितिमा बालसंरक्षण व्यवस्थापन सूचना प्रणली (CPMIS) विकास गरी बाल दुर्व्यवहारको घटनाको अभिलेख राखिनेछ । प्रहरी लगायत विभिन्न निकायसंग नेटवर्किङ्ग गरी यौनजन्य दुर्व्यवहार, शारीरिक दण्ड, बेचबिखन, घरेलु कामदार बिरुद्धको हिंसा जस्ता घटनाको पनि यसमा अभिलेख राखिनेछ । यस अभिलेखलाई नेपालले संयुक्त राष्ट्रसंघमा दिनु पर्ने आवधिक प्रतिवेदन तयार गर्दा उपयोग गर्ने व्यवस्था गरिनेछ । यस सूचना प्रणलीलाई बालबालिकासम्बन्धी नीति निर्माण गर्दा, जनचेतना अभिवृद्धि गर्दा र बालबालिकालाई पुनर्स्थापना जस्ता कार्यक्रम गर्दा प्रयोग गरिनेछ । यसका सूचनाहरु वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गरिनेछ ।

**उद्देश्य ७.२ संग सम्बन्धित रणनीति** *(७.२ बालबालिका जन्मनु अघि र जन्मेपछि आवश्यक स्याहार र सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने)*

९.२० गा.वि.स. नगरपालिका र जिल्ला विकास समितिको आफ्नो स्रोत तथा सरकारी अनुदानबाट वार्षिक कम्तीमा १० प्रतिशत बजेट वा रकम बालबालिकाको हकहितका लागि परिचालन गर्नु पर्ने व्यवस्था गरिनेछ ।

९.२१ हिमाली र पहाडी जिल्लामा विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरी ती क्षेत्रमा शिशु मृत्युदर र वालमृत्युदर घटाइनेछ ।

९.२२ भिटामीन ए तथा विद्यालय पौष्टिक आहार कार्यक्रम, बाल स्वास्थ्यको लागि आवश्यक औषधी तथा उपकरण, विद्यालय स्वास्थ्य कार्यक्रम, गाउँगाउँमा स्वास्थ्य शिविर, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका तथा असहाय बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवाको कार्यक्रम विस्तर गरिनेछ । बाल स्वास्थ्य तथा सरसफाईका विभिन्न विषयवस्तु बारे व्यापक जनचेतना जागरण कार्य निरन्तर रुपमा गरिनेछ ।

९.२३ विद्यालयमा विद्यार्थी भर्ना गर्ने समयमा विद्यार्थी भर्ना सम्बन्धी विशेष अभियान सञ्चालन गरिनेछ ।

९.२४ विद्यालय बाहिरका बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षा सम्बन्धि ऐन र नियमावली अनुरुपका व्यवस्थाहरुको विद्यालयहरुबाट पालना गराउन अनुगमन प्रक्रियालाई प्रभावकारी बनाईनेछ ।

९.२५ बीचैमा विद्यालय छोड्ने र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई प्राथमिकता दिदै, व्यवसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय शिक्षाको विकास र विस्तार गरिनेछ । साथै, पढाई पूरा नगरी विद्यालय छोड्ने दर घटाउन अभिभावकलाई सजग गराईनेछ ।

९.२६ राजनीतिक दलहरुको घोषणामा बालअधिकारसम्बन्धी विषयवस्तु सम्बोधन गर्न पहल गरिनेछ ।

९.२७ गरीव, सीमान्तकृत, जोखिमपूर्ण, बञ्चित अवस्था र अप्ठ्यारो परिस्थितिका बालबालिकाको हितलााई विशेष प्राथमिकता दिइनेछ । तिनीहरुको तुरुन्त राहत तथा पुनर्स्थापनाका लागि केन्द्र, जिल्ला र गाउँस्तरसम्म आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

९.२८ सामाजिक सुरक्षामा बालबालिकाको पहुँच बढाइनेछ ।

९.२९ बालमैत्री शासन प्रणाली विकासका लागि स्थानीय निकायहरुलाई बालबालिकासम्बन्धी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने र आवश्यक निर्देशिका तयार गरी वितरण गरिनेछ।

९.३० बालमैत्री घर, समाज, समुदाय, गाउँ र शहरको लागि पैरवी गरिनेछ।

**उद्देश्य ७.३ संग सम्बन्धित रणनीति** *(७.३ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसंग सम्वद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिन बालसहभागिता अभिवृद्धि गर्ने)*

९.३१ बालबालिकाको सहभागिताको नाउँमा उनीहरुको समय र श्रमको शोषण नहोस भन्ने उद्देश्यले उचित र अर्थपूर्ण बालसहभागिताबारे निर्देशिका तयार गरी समुदायमा पुग्ने गरी प्रचार-प्रसार गरिनेछ।

९.३२ विभिन्न शिक्षण-प्रशिक्षण संस्था (विद्यालय, विश्वविद्यालय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा सैनिक प्रशिक्षण प्रतिष्ठान, शिक्षक तालीम केन्द्र आदि) को पाठ्यक्रम तथा तालीम पाठ्यक्रममा बालअधिकार तथा बालसहभागिता विषयलाई समावेश गरिनेछ।

९.३३ राज्यका नीति, कानून एवम् सबै तहका न्यायिक, प्रशासनिक तथा सार्वजनिक सेवा प्रदायक निकायका कार्यविधि र निर्देशिकामा बालसहभागिताका आधारभूत मापदण्ड अनुसार परिमार्जन गर्नुका साथै आवश्यकता अनुसार नया नीति, कानून र संरचनाहरुको निर्माण गरिनेछ।

९.३४ बालसहभागिता प्रवर्द्धन गर्न र राज्यका न्यायिक, प्रशासनिक एवम् सार्वजनिक सेवा प्रदायक लगायत सबै क्षेत्र र तहका निकाय तथा पेशागत/व्यवसायिक समूहरुको संस्थागत क्षमता सुदृढीकरण गर्ने र दातृनिकाय, सामाजिक संघसंस्था, सञ्चार माध्यम एवम् निजी क्षेत्रसंग कार्यमूलक समन्वय र सहकार्य गरिनेछ।

९.३५ बालबालिकासम्बन्धी लक्षित कार्यक्रमहरु सीमान्तीकृत स्थान र समूहमा सिधै प्रभाव पर्ने गरी र उनीहरुको प्रत्यक्ष संलग्नता र अपनत्व अभिबृद्धि हुने गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

९.३६ बालबालिका बारे छलफल गर्न र चेतना अभिवृद्धि गर्न समय समयमा "बाल संसद" र यस्तै अन्य फोरमको विकास गरी नेतृत्व विकासकने अवसर प्रदान गरिनेछ र बालसहभागिता अभिवृद्धि गरिनेछ।

**उद्देश्य ७.४ संग सम्बन्धित रणनीति** *(७.४ बालबालिका प्रतिको विभेद अन्त्य गर्ने)*

९.३७ वञ्चितीकरणमा परेका बालबालिकाको लागि तत्काल राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

९.३८ विभेदबाट बालबालिकालाई जोगाउन विद्यमान कानूनमा आवश्यक सुधार गरिनेछ।

**उद्देश्य ७.५ संग सम्बन्धित रणनीति** *(७.५ बालन्याय प्रणालीलाई सुदृढ गर्ने)*

९.३९ बालसम्पादनमा संलग्न न्यायाधीश, सामाजिक कार्यकर्ता र बालमनोविज्ञ वा बालविशेषज्ञलाई बालन्यायका वारेमा समयानुकूल तालीम र प्रशिक्षणको व्यवस्था गरिनेछ।

९.४० कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बालअदालतबाट उमेर पुगेकेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्ने व्यवस्था गरिनेछ।

९.४१ कानूनका विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म राख्ने प्रयोजनका लागि क्रमशः प्रत्येक जिल्लामा बालसुधार गृहको स्थापना गरिनेछ।

९.४२ बालबालिकाको फौज्दारी दायित्व नहुने न्यूनतम उमेरको हदमा समयानुकुल सुधार गरिनेछ।

९.४३ बालबालिकासम्बन्धी कसूर हुन नदिन र कसूर भई हालेमा पनि कसूरदारलाई कानूनको दायरामा ल्याउने उद्देश्यले बालबालिकासम्बन्धी ऐन, नियमको वारेमा व्यापक प्रसारप्रचार गरिनेछ।

## १०. संस्थागत व्यवस्था र क्षमता विकास

बाल न्याय सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न काठमाडौं जिल्लामा तत्काल बाल अदालत गठन गरी क्रमशः अन्य जिल्लामा पनि बाल अदालतको स्थापना गरिनेछ । छुट्टै बाल अदालतको स्थापना नभएका जिल्लामा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बालमैत्री बाल इजलासको व्यवस्था गर्दै लगिनेछ ।

बालबालिकाको जन्म दर्ता गर्न स्थानीय पञ्जिकाधिकारी र केन्द्रीय पञ्जिकाधिकारी कार्यालयको सक्रियता वृद्धि गरिनेछ । जन्म दर्ता गर्ने र परिवारविहिन, परित्यक्त र बेवारिसे बालबालिकाको अभिलेख राख्ने कार्य समेतका लागि स्थानीय निकायको संस्थागत क्षमतामा विकास गरिनेछ ।

सडक बालबालिकाको उद्धार, पुनःस्थापना र सामाजिकीकरणका लागि जिल्ला बाल कल्याण समिति र नगरपालिकाको क्षमता वृद्धि गरिनेछ ।

केन्द्रीय बाल कल्याण समितिलाई राष्ट्रिय तहमा बाल अधिकारको विषयमा प्रभावकारी सुपरिवेक्षण तथा समन्वय गर्ने र स्थानीय तहका बाल अधिकार संरक्षण सम्बन्धी क्रियाकलापको समन्वय गर्ने निकायका रुपमा सुदृढ गरिनेछ । केन्द्रीय बाल कल्याण समितिमा आवश्यक संख्यामा कानूनविद्, सामाजिक कार्यकर्ता, समाजशास्त्री, मनोविज्ञानवेत्ता र सञ्चार विशेषज्ञको व्यवस्था गरिनेछ । यस नीतिका कार्यान्वयनको सबालमा सहयोग गर्न केन्द्रीय बाल कल्याण समितिमा बालअधिकार विज्ञहरुको एउटा समूह गठन गरिनेछ ।

बाल न्यायसँग सम्वद्ध प्रहरी र सरकारी वकिल कार्यालयलाई साधन सम्पन्न बनाई क्षमता विकास गरिनेछ ।

केन्द्र र जिल्लास्तरमा सरकारी र विकासका सहकर्मीहरुबीच बालबालिका सम्बन्धी राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन, समन्व्य, सहकार्य तथा पैरवी गर्न सम्बन्धित विषयमा कार्य गर्ने सरकारी निकाय तथा संघसंस्थाका प्रतिनिधिहरुको संयुक्त सञ्जाल विकास गरिनेछ ।

बाल अधिकारमुखी दृष्टिकोणबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूलायङ्कनका लागि संस्थागत र प्रशासनिक संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ ।

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय निकाय, स्थानीय संघ संस्था विकासका सहकर्मी र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ ।

जिल्ला बाल कल्याण समितिलाई मानवीय र भौतिक रुपले साधनसम्पन्न बनाई क्षमता अभिबृद्धि गरिनेछ ।

बालबालिकासँग सम्बन्धित कार्य गर्ने निकायहरुको नामलाई अधिकारमुखी दृष्टिकोणबाट पुनरावलोकन गरी परिवर्तन गरिनेछ । गाउँ र नगरपालिकासम्म बाल अधिकार संरक्षण समिति गठन गरिनेछ ।

बालबालिकाको सबालसँग प्रत्यक्ष वा परोक्ष सरोकार रहने सबै सरकारी निकायहारु, मन्त्रालयहरु, विभागहरु, जिल्ला स्थित कार्यालयहरु, जिल्ला विकास समिति, गाउँ विकास समिति, नगरपालिका लगायतका गैरसकारी संस्था, उपभोक्ता समूहहरु र विकासका साझेदारहरुलाई बालअधिकारको दृष्टिकोणबाट संवेदनशील बनाई ती निकाय वा संस्थाको संस्थागत संरचनालाई सक्षम र जिम्मेवार बनाइनेछ ।

बाल न्याय समन्वय समितिलाई बाल न्याय सम्बन्धी नीतिको सिफारिस गर्ने र विभिन्न निकाय बीच समन्वय गर्ने निकायको रुपमा विकास गरिनेछ ।

**११. नीतिको कार्यान्वयन**

शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा समाजकल्याण, श्रम तथा यातायात व्यवस्था, स्थानीय विकास जस्ता मन्त्रालयहरुको कार्यक्रममा बालबालिकासम्बन्धी कार्यक्रम थप्न र विस्तार गर्न जोड दिइनेछ । यी मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट सञ्चालन गरिने र संयुक्त राष्ट्रंसघीय निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैर सरकाररी संस्थाबाट सञ्चालन गरिने कार्यक्रमबीच समन्वय गरी समय, श्रम र लागत घटाउने  र लाभान्वित बालबालिका र समुदाय बढाउने व्यवस्था गरिनेछ । बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरुबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ ।

सरकारी निकायहरु, मन्त्रालयहरु, विभागहरु, जिल्ला स्थित कार्यालयहरु, जिल्ला विकास समितिहरु, गाउँ विकास समितिहरु, नगरपालिकाहरुका साथै उपभोक्ता समूहहरु र विकासका साझेदारहरुबीच कार्यक्रमको प्रकृतिअनुसार सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन गरिनेछ । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिबाट केन्द्रीयस्तरमा मन्त्रालय, विभाग र विकासका साझेदारहरु (स्वदेशी र विदेशी) संग कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि सहकार्य गरिनेछ । जिल्ला स्तरमा यी सवालहरुमा जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयले नेतृत्वदायी र सहजकर्ता दुवैको भूमिका निर्वाह गर्नेछ । गाउँ विकास समिति तथा नगरपालिकास्तरमा उक्त निकायबाट बालअधिकारको नीतिको कार्यान्वयन गरिनेछ । यस अतिरिक्त केन्द्रीय, जिल्ला र स्थानीयस्तरमा आवश्यकता अनुसार बालबालिकासम्बन्धी विषयवस्तुमा थप ध्यान दिनको लागि समितिहरुको गठन गरी कार्यक्रमा समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ ।

**१२. अनुगमन र मूल्याङ्कन**

वार्षिक र आवधिक योजना तथा कार्यक्रमको अनुगमन र मूल्यांङ्कन गर्ने कार्य राष्ट्रिय योजना आयोगको सचिवालयको केन्द्रीय अनुगमन महाशाखाले र आफ्नै वार्षिक तथा आवधिक योजना र कार्यक्रमहरुको अनुगमन विषयगत मन्त्रालयहरुको योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले गर्नेछ । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयमा सो मन्त्रालयले बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको समन्वय, सहजीकरण, अनुगमन र मूल्यांङ्कन गर्नेछ । त्यसै गरी बालबालिकासँग सम्बन्धित विषयहरुमा समन्वय, अनुगमन तथा मूल्यांङ्कन गर्ने कार्य केन्द्रीय बालकल्याण समितिले गर्नेछ । जिल्लामा जिल्ला बालकल्याण समिति र गाउँ तथा नगर स्तरमा गाउँ विकास समिति र नगरपालिकामा एउटा संयुक्त समूह बनाई बालबालिकासम्बन्धी नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरिनेछ । यी निकायहरुको अनुगमन र मूल्याांङ्कन गर्ने क्षमता क्रमशः अभिबृद्धि गरिनेछ ।

**१३. कानूनी व्यवस्थामा सुधार**

यस नीतिमा उल्लिखित प्रावधानहरुलाई शिक्षा ऐन र नियमावली, बालबालिकासम्बन्धी ऐन र नियमावली र कुनै विषयमा छुट्टै कानून बनाई कानूनी स्वरुप प्रदान गरी कार्यान्वयन गरिनेछ ।

**१४. नीतिको पुनरावलोकन तथा सुधार**

प्रत्येक पाँच वर्षमा नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तत र उपादेयताको स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा समामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।